२०७५ श्रावण

# ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
# त्रिवेणी नगरपालिका



## आर्थिक वर्ष २०७४/०७५ को

## वार्षिक

# प्रगति प्रतिवेदन

त्रिवेणी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तोली, बाजुरा
७ नं. प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
मार्तडी, बाजुरा

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश ........ 2

१. पृष्ठभूमी ........ 5

२. लक्ष बमोजिम उपलब्धी ........ 6

२.१. जलउपयोग गुरुयोजना ........ 6

२.२. भौतिक प्रगति ........ 6

२.३. क्षमता विकास ........ 6

२.४. जीविकोपार्जन कार्यक्रम ........ 7

३. अनुगमन तथा प्रतिवेदन ........ 9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 10

५. नीति तर्जुमा ........ 10

६. सहकार्य ........ 10

७. आइपरेका समस्याहरु ........ 11

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 12

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 13

अनुसूची ३ : सहकारी संस्थाको विवरण ........ 15

अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ........ 18

अनुसूची ५ : भिजिबिलिटी ........ 20

अनुसूची ६ : जनशक्ति विवरण ........ 21


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : नगरपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ११ : नगरपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | त्रिवेणी नगरपालीका |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३१ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | पूँजीगत | २०,६९१ | २०,६९१ | १८,०६९ | ८७% |
| | कार्यक्रम/चालु: | ४,७६३ | ४,७६३ | ३,२६३ | ६८% |
| | **जम्मा** | **२५,४५४** | **२५,४५४** | **२१,३३२** | **८४%** |

| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | स्थानीय तह | २,००० | २,००० | २,००० | १००% |
| | नेपाल सरकार | ९,६६२ | ९,६६२ | ९,६६२ | १००% |
| | दातृ निकाय (GoF/EU) | १३,७९२ | १३,७९२ | ९,६७० | ७०% |
| | **जम्मा** | **२५,४५४** | **२५,४५४** | **२१,३३२** | **८४%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | • यस आ.बा.मा परियोजना अन्तरगत ८ वटा खानेपानी योजना सञ्चालित भई ४१८३ जनसंख्याले QARQ अवस्था सहितको सुधारिएको खानेपानी सुविधा प्राप्त गरेकाछन् ।<br>• परियोजनाको सहयोगमा निर्माण भएका सबै खानेपानी योजनाहरुमा जलवायु परिवर्तन अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण (CCA/DRR) समेत समावेश गरी खानेपानी सुरक्षा योजना लागू भएकाछन् ।<br>• परियोजनाको सहयोगमा नगरपालिकामा सञ्चालित सबै खानेपानी योजनाहरुका उपभोक्ता समितिहरु सक्रिय रही सुविधास्तर कायम गर्न सक्षम भएकाछन् ।<br>• परियोजनाको सहयोगमा निर्माण भएका खानेपानी योजनाहरुको उपभोक्ता समितिका प्रमुख पदहरु (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) मा ५०% महिला र समानुपातिक प्रतिशतमा दलित तथा जनजाति समुदायको प्रतिनिधित्व रहेकोछ । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | नगरपालिकामा निमार्ण तथा सम्पन्न भएका योजनाहरु मध्य २३ वटा योजनाहरु सहकारीमा आबध भएका छन् । यस आ.ब.मा सम्पन्न भएका ५ वटा योजनाहरु सहकारीमा आबध भएका छन् । |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | सुधारिएको खानेपानी सुविधा उपलब्ध गराइएका मध्ये १४२४ जनसंख्याले १० वटा समुहमा आवद्ध भई घरवारी स्थापना गरेका छन् ।<br>यस आ.ब.मा घरवारी व्यवस्थापन तथा अगुवा कृषक तालिम पाएका मध्ये ९५% महिला र समानुपातिक रुपमा दलित र जनजाति समुदायको सहभागीता रहेको छ ।<br>परियोजनाको सहयोगमा स्थापित सहकारीहरुका नेतृत्वदायी पद मध्ये ४५% पदमा महिलाको प्रतिनिधित्व रहेको छ । |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | ६७४ घरधुरीमा सुधारीयको मटे चुलो जडान भई हरित गृह ग्याँस उत्सर्जनमा कमी आएको छ ।<br>फिल्ड कर्मचारीहरु लाई जलवायु परिवर्तन अनुकुल र प्रकोप जोखिम न्यूनीकरणका विषयमा तालिमहरु प्रदान गरिएको छ ।<br>परियोजनाको लगानीमा निर्माण भएका सबै योजनाहरुमा प्रकोप जोखिम न्यूनीकरण मापदण्ड कायम भएको छ ।<br>यस आ.बा. मा निमार्ण सम्पन्न भएका योजनाहरुको मुहान माथी रिर्चाज पिट निमार्ण तथा मुहान आस पास क्षेत्रमा बृक्षारोपण गरीएको छ । |
| नतिजा ४ : क्षमता विकास | नगरपालीकाले यस आ.ब.मा कुल योजना लागतको कम्तिमा ७% रकम जलस्रोत विकास कोषमा योगदान गरी परियोजनाप्रति अपनत्व प्रदर्शन गरेको छ ।<br>यस आ.ब.मा जलस्रोत विकास कोषको विनियोजित बजेटको ८४% रकम खर्च भएको छ ।<br>खानेपानी योजनाहरुमा समुदायहरुले २५% जनश्रम तथा १% नगद लगानी समेत गरेकाछन् ।<br>७ पटक सामुदायिक कार्ययोजना तयारी गोष्ठी र ६ पटक निर्माण अवधिको गोष्ठी संचालन गरीएको छ ।<br>६ पटक लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम र ७ पटक निर्माण पूर्वको गोष्ठी संचालन गरी सम्पन्न गरीएको छ ।<br>१० पटक घरबारी व्यवस्थापन अभिमुखिकरण र १० पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन गरीएको छ । |

| | |
|---|---|
| | ८ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी र १२ पटक सार्वजनिक सुनुवाई गरीएको छ । |

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ। जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ।

यस नगरपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४/०५/०२ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यस नगरपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो। सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ८४ प्रतिशत खर्च भएको छ। जसमध्ये नेपाल सरकार तर्फको १०० प्रतिशत रकम खर्च भएको छ भने दातृ निकाय तर्फको ७०% मात्र खर्च भएको छ। स्थानीय तहको विनियोजित मध्ये १०० प्रतिशत खर्च भएको छ। यस स्थानीय तहमा बजेटको तुलनामा ८४% आर्थिक प्रगति हासिल भएको छ।

तर्जुमा गरिएका ८ भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ८ वटै योजनाहरु सम्पन्न भएका छन्।

यस प्रतिवेदनमा त्रिवेणी नगरपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ। यस प्रतिवेदनले नगरपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. जलउपयोग गुरुयोजना

यस नगरपालिका अन्तरगत साबिकका तिन वटा गा.वि.सहरुको जलउपयोग गुरुयोजना निमार्ण भई सकेको हुदा नगरपालिकाको एकिकृत जलउपयोग गुरुयोजना निमार्ण गर्न आवश्यक देखिन्छ ।

*तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति*

| लक्ष्य | प्रगति |
|---|---|
| त्रिवेणी नगरपालिका अन्तरगत समायोजन भएका साविकका तोली, छतारा र कैलाशमाण्डौको गा.वि.स.स्तरीय जलउपयोग गुरुयोजना पहिले नै निर्माण भइसकेको हुँदा नगरपालिका स्तरीय जलउपयोग गुरुयोजना समायोजन/निर्माण गर्ने लक्ष्य रहेको । | प्रकृयामा नरहेको |

## २.२. भौतिक प्रगति

यस नगरपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- आ.ब. २०७४/०७५ मा ८ वटा खानेपानी योजना सम्पन्न भएकाछन् ।
- आ.ब. २०७४/०७५ मा ६७४ घरधुरीमा सुधारीयको माटे चुल्हो जडान भएकाछन् ।

*तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ७ | ३१२१ | ८ | ४१८३ | ११४ | १३४ |
| २ | सिँचाई योजनाहरु | १ | ४२० | ० | ० | ० | ० |
| १ | घरबारी व्यवस्थापन (घरधुरी) | १० | १४०० | १० | १४२४ | १०० | १०२ |
| २ | सुधारिएको चुल्हो (संख्या) | ७०० | ४३१२ | ६७४ | ४१५२ | ९६ | ९६ |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

*तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क्र.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि नगरपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | | |

नगरपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

- आ.ब. २०७४/०७५ मा ७ पटक सामुदायिक कार्ययोजना तयारी गोष्ठी संचालन गरी सम्पन्न गरीएकोछ ।
- आ.ब. २०७४/०७५ मा ६ पटक निर्माण अवधिको गोष्ठी सम्पन्न भएकोछ ।
- आ.ब. २०७४/०७५ मा ६ पटक लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम सम्पन्न भएकोछ ।
- आ.ब. २०७४/०७५ मा १० पटक घरबारी व्यवस्थापन अभिमुखिकरण सम्पन्न भएकोछ ।
- आ.ब. २०७४/०७५ मा १० पटक मर्मत संभार व्यवस्थापन कार्यविधि तयारी तथा पानी सुरक्षा योजना टोली गठन भएकोछ ।
- आ.ब. २०७४/०७५ मा ७ पटक निर्माण पूर्वको गोष्ठी सम्पन्न भएकोछ ।
- आ.ब. २०७४/०७५ मा १२ पटक सार्वजनिक सुनुवाई सम्पन्न भएकोछ ।
- आ.ब. २०७४/०७५ मा ८ पटक उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी सम्पन्न भएकोछ ।
- *तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | १९० | १४४ | ० | ० | ८११ | ८९९ | १००१ | १०४३ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ९३ | ५३ | ० | ० | ५०६ | २४९ | ५९९ | ३०२ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ४३ | १० | ० | ० | २०६ | २० | २४९ | ३० |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | ० | ० | ० | ६ | ० | ६ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | ४ | २ | ० | ० | ९ | १८ | १३ | २० |
| **जम्मा** | ३३० | २०९ | ० | ० | १५३२ | ११९२ | १८६२ | १४०१ |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस नगरपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

- १० वटा घरवारी व्यवस्थापन समुह गठन /पुर्न गठन भई २७४ घरधुरी आवद्ध भई १४२४ जनसंख्या लाभान्वीत भएका छन् ।
- १० वटौ घरवारी व्यवस्थापन समुहलाई ३/३ दिने घरवारी व्यवस्थापन सम्बन्धी तालिम संचालन गरेको ।
- ८ जनालाई  सहकारी अध्यन अवलोकन भ्रमणको आयोजना ।

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ८० | ८० | २५ | ० | १५० | १७५ | २५ | ० | २३० | २५५ |
| ४ | ५९ | ० | २५१ | ३१० | ० | ० | ० | ० | ५९ | ० | २५१ | ३१० |
| ५ | १७ | ० | ११६ | १३३ | ० | ० | ० | ० | १७ | ० | ११६ | १३३ |
| ६ | ० | ० | ९७ | ९७ | ० | ० | ० | ० | ० | ० | ९७ | ९७ |
| ७ | १०६ | ० | १७६ | २८२ | ० | ० | ० | ० | १०६ | ० | १७६ | २८२ |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | ७५ | ० | १४७ | २२२ | १८ | ० | ६१ | ७९ | ९३ | ० | २०८ | ३०१ |
| **जम्मा** | **२५७** | **०** | **८६७** | **११२४** | **४३** | **०** | **२११** | **२५४** | **३००** | **०** | **१०७८** | **१३७८** |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | ० | ० | ० | ० |
| २ | व्यवसायिक फलफूल खेती | ० | ० | ० | ० |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ० | ० |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | ० | ० |
| ५ | एग्रोभेट | ० | ० | ० | ० |
| ६ | ....... | ० | ० | ० | ० |
| **जम्मा** | | **०** | **०** | **०** | **०** |

*तालिका ७ : सहकारी सम्बन्धी विवरण*

| क.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम: न्यू भिजन बहुउद्धेश्यीय सहकारी लि |
|---|---|---|
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ३३ |
| २ | शेयर धनीहरुको संख्या | ५८५ |
| ३ | कुल सम्पत्ती रु. | ८४,८२,००९ |
| ४ | कुल ऋण लगानी रु | ५५,२८,२८१ |
| ५ | असूली दर | ९८ |
| ६ | खुद नाफा रु | ९८,०६५ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | ० |
| ८ | जगेडा कोष रु. | ८,६२,३७५ |
| ९ | सञ्चालन आत्मनिर्भरता | १०९ |

हरेक सहकारीको विस्तृत विवरण अनुसूची ३ मा दिइएको छ ।

## ३. अनुगमन तथा प्रतिवेदन

नगरपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस नगरपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्ने कार्य सम्पन्न गरिएको छ ।

*तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | नगरपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | मेलामुल खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| २ | खालगडा खिन्नै खानेपानी तथा सरसपाई योजना | ३ | ३ | ३ |
| ३ | मलालगाउ गडिगाउ खानेपानी तथा सरसफाई योृजना | ३ | ३ | ३ |
| ४ | जातुखानी सुवापानी खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ५ | मष्टेश्वरी मा.वि. खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ६ | निगाडा खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ७ | गोगन्नेडी खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| ८ | बडेपातल खानेपानी तथा सरसफाई योजना | ३ | ३ | ३ |
| | **जम्मा** | **२४** | **२४** | **२४** |

*तालिका ९ : नगरपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | १२ |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ३ |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | १ |
| | जम्मा | १६ | १६ | १६ |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४ पौष २८ | • SuTRA Software को प्रयोग गर्नु पर्ने<br>• क्रियाकलाप संचालन गर्न पूर्व अनिवार्य रुपमा सो को प्रस्ताव प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गर्नु पर्ने । | • क्रियाकलाप संचालन गर्न पूर्व अनिवार्य रुपमा सो को प्रस्ताव प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गर्ने गरेको । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण नगरपालिकाको सूचना पाटीमा २०७५ श्रावण महिना भित्र प्रकाशन गरिने छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| | | |

## ५. नीति तर्जुमा

नगरपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. ५ बर्ष भित्र सबै जनताको घरमा स्वच्छ खानेपानी अनिवार्य पुऱ्याउने नीति लिईनेछ ।

२. कृषीबालीमा आत्मनिर्भर नगरपालिका बनाउँदै लगिनेछ । माटो परिक्षण गरी माटो सुहाउँदो वाली क्षेत्रहरु तयार पारिनेछन् ।

३. परम्परागत वालीको संरक्षण तथा प्रवर्द्धन गर्न विउको व्यवस्थामा जोड दिईनेछ भने रैथाने जौ बालीको प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा नगरपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

*तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | बहुक्षेत्रीय पोषण कार्यक्रम | आमा, महिला समुह कालागी जिविकोपार्जन तथा पोषण तालिम संचालन | आर्थीक एवं प्राबिधिक सहकार्या | ५०००।०० |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| | | |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| क.सं. | योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च ( रु) | यस आ.व.मा भएको खर्च ( रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| १ | मेलामुल खानेपानी तथा सरसफाई योजना | ९ | १०८३५२३ | ६१२६८५ | ६१२६८५ | ७५७५८ | ० | ० | १०२ |
| २ | खालगडा खिन्नै खानेपानी तथा सरसपाई योजना | ९ | ३७८०५१२ | २१९२२२७ | २१९२२२७ | २६४६२० | ० | ० | ३८१ |
| ३ | मलालगाउ गडिगाउ खानेपानी तथा सरसफाई योृजना | ९ | २१२३०३३ | ११३२७३९ | ११३२७३९ | १८७४४३ | ० | ० | ५१८ |
| ४ | जातुखानी सुवापानी खानेपानी तथा सरसफाई योजना | ७ | ५७०६७०९ | ३५१५७८३ | ३५१५७८३ | ३९९४१५ | ० | ० | ६०५ |
| ५ | मष्टेश्वरी मा.वि. खानेपानी तथा सरसफाई योजना | ६ | १३१३९७० | ६९३२४५ | ६९३२४५ | ९१९१३ | ० | ० | ५८९ |
| ६ | निगाडा खानेपानी तथा सरसफाई योजना | ९ | २२६४३५० | १२३५२६६ | १२३५२६६ | १५८४३० | ० | ० | १९२ |
| ७ | गोगन्नेडी खानेपानी तथा सरसफाई योजना | ४ | २८६६९९४ | १८०८०७४ | १८०८०७४ | १८८९०३ | ० | ० | ३३४ |
| ८ | बडेपातल खानेपानी तथा सरसफाई योजना | ३ | ७११८६१६ | ४२९५००६ | ४२९५००६ | ४९८२७४ | ० | ० | १४६२ |
| | **जम्मा :** | | २६२५७७०६ | १५४८५०२५ | १५४८५०२५ | १८६४७५६ | ० | ० | ४१८३ |
| | **सुधारिएको चुल्हो** | | | | | | | | |
| १ | कैलाशमाण्डौ सुधारिएको माटोको चुल्लो योजना | ३,४ र ९ | १४९०३३८ | ५८३९९४ | ५८३९९४ | १३५२४४ | ० | ० | ४३१२ |
| | **जम्मा :** | | २७७४८०४५ | १६०६९०१९ | १६०६९०१९ | २०००००० | ० | ० | ८४९५ |

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम** | | | | | | | | | | |
| १ | सामुदायिक कार्ययोजना तयारी गोष्ठी | | १ दिन | ७ | १३ | १८ | ० | ० | ५४ | ६३ |
| २ | निर्माण अवधिको गोष्ठी | | १ दिन | ६ | २ | ० | ० | ० | २६ | ३० |
| ३ | लेखा व्यवस्थापन तालिम | | १ दिन | ११ | १३ | १० | ० | ० | ५८ | ८० |
| ४ | लैगिक समानता तथा सामाजिक समावेशीकरण तालिम | | १ दिन | १० | १२ | ११ | ० | ० | ४९ | ७८ |
| ५ | घरबारी व्यवस्थापन तालिम | | १ दिन | १० | ६८ | ३८ | ० | ० | १३० | १३० |
| ६ | मर्मत संभार व्यवस्थापन तथा पानी सुरक्षा योजना टोली गठन | | १ दिन | १० | २८ | ३० | ० | ० | ८३ | ११४ |
| ७ | निर्माण पश्चातको गोष्ठी | | १ दिने | ६ | २ | ० | ० | ० | २६ | ३० |
| ८ | सार्वजनिक सुनुवाई | | १ दिन | १२ | २६ | २९ | ० | ० | २३० | २४० |
| ९ | निर्माण पूर्वको गोष्ठी | | १ दिने | ७ | ५ | ० | ० | ० | २९ | ३६ |
| १० | धारा आमा समुहको तालिम | | १ दिने | २ | ५ | ० | ० | ० | ५३ | १ |
| ११ | उपभोक्ता समिति अभिमुखिकरण गोष्ठी | | १ दिने | १० | १३ | ८ | ० | ० | ४९ | ७६ |
| १२ | पानी सुरक्षा योजना तालिम | | ३ दिने | ४ | ३ | ० | ० | ० | २४ | २१ |
| **सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | विश्व हात धुने दिवस | | १ दिने | ३ | २५ | ३१ | ० | ० | १५९ | १४० |
| २ | अन्तराष्टिय नारी दिवस | | १ दिने | २ | ४६ | २ | ० | ० | २५३ | १७ |
| ३ | महिनाबारी स्वच्छता दिवस | | १ दिने | १ | १३ | १८ | ० | ० | ४४ | ३२ |
| ४ | राष्टिय सरसफाई सप्ताह | | ७ दिने | १ | ९ | २ | ० | ० | ३२ | ४० |
| ५ | बिश्व पानी दिवस | | १ दिने | २ | ० | ० | ० | ० | १८ | २० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरबारी व्यवस्थापन तालिम | | ३ दिने | १० | ४१ | २ | ० | ० | २०० | ११ |
| २ | अगुवा कृषकहरु तलिम | | ५ दिने | १ | १ | १ | ० | ० | ६ | २ |
| ३ | बहुउदेश्यीय नर्सरी व्यवस्थापन तालिम | | ५ दिने | १ | १ | ६ | ० | ० | ० | ० |
| ४ | सहकारीलाई अध्ययन अवलोकन भ्रमण | | ७ दिने | १ | ० | १ | ० | ० | ० | ७ |
| **स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामीण मर्मत संभार कार्यकर्ता तालिम | | १४ दिने | १ | ० | ० | ० | ० | ० | ६ |
| **नगरपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | महीनाबारी स्वच्छता सम्बन्धि धामीधार्की लाई अनुशिक्षण गोष्ठी | | ३ दिने | १ | ० | २ | ० | ० | ९ | १६ |
| २ | पूर्ण सरसफाई तथा पोषण तालिम | | २ दिने | १ | ४ | ० | ० | ० | ० | २ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ३ : सहकारी संस्थाको विवरण

**सहकारी संस्थाको नाम : न्यू भिजन सहकारी संस्था लि. त्रिवेणी ९**

**क) संगठन तर्फ**

**क.सामुदायिक संस्था तथा विभिन्न उपभोक्ता समितिहरुको आवद्धता**

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामुदायिक संस्था/कृषि समूह | संख्या | २ | २३ | |
| २ | उपभोक्ता समिति | संख्या | ९ | ९ | |
| ३ | अन्य संस्थाहरु | संख्या | ० | ० | |
| क | विद्यालय | संख्या | १ | १ | |

**ख. शेयर सदस्य**

| क.सं | विवरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला सदस्य | संख्या | २३५ | २५५ | |
| २ | पुरुष सदस्य | संख्या | ३०९ | ३३० | |
| **ग. जातियताको आधारमा** | | | | | |
| १ | दलित | संख्या | १४० | १४३ | |
| | जनजाति | संख्या | | | |
| | अन्य | संख्या | ४०४ | ४४२ | |

**<u>२ पूँजी निर्माण</u>**

| क.सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | शेयर रकम | रु. | १३,२५,६०० | १३,९१,४०० | |
| २ | निक्षेप (वचत) | रु. | २८,३३,४४४ | ३६,८१,९५२ | |
| ३ | जगेडा कोष | रु. | ५००५०० | ८,६२,३७५ | वार्षिक रुपमा मात्र |
| ४ | मर्मत संभार राहत कोष | रु. | | | वार्षिक नाफावाट |
| ५ | खुद नाफा | रु. | | ९८०६५ | |
| ६ | कुल सम्पति | रु. | | ८४,८२,००९ | सन्तुलन परीक्षणवाट |

## ३. पूँजी परिचालन ( प्रत्येक आ.व को मात्र)

क. ऋण लगानी

| क.सं | लगानी क्षेत्र | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | लाभान्वित सदस्य संख्या |
|---|---|---|---|---|---|
| १ | कृषि | रु. | | ३,६२,००३ | |
| २ | पशुपालन | रु. | | २४,६५,४२२ | |
| ३ | व्यापार | रु. | | १७,०५,३०६ | |
| ४ | वैदेशिक रोजगार | रु. | | ६,७३,९५० | |
| ५ | अन्य | रु. | | ३,२१,६०० | |
| **कुल जम्मा** | | रु. | | ५५,२८,२८१ | |

**नगद मौज्दात रु १०,०६,३६४**

**वैक मौज्दात रु १,३८,८६०**

## ४ असूली, आम्दानी तथा खर्चको विवरण

| क.सं | बिबरण | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सांवा असूली | रु. | ० | ४५,७१,८९९ | |
| २ | व्याज तथा हर्जाना असूली | रु. | ० | ६,६९,९२१ | |
| ३ | अन्य आम्दानी | रु. | ० | ५,०८,४१४ | |
| ४ | पाउनु पर्ने व्याज वांकी | रु. | ० | ११,३०२ | |
| ५ | भाखा नाधेको रकम | रु. | ० | ४४,००० | |
| ६ | लगानीमा रहिरहेको रकम (ल.र.र) | रु. | ० | ५५,२८,२८१ | |
| ७ | असूली दर | प्रतिशत | ० | ९८ | सूत्र= **(1+2)/(1+2+4+5)x100** |
| **क** | कूल आम्दानी(२**+3)** | रु. | ० | ११,७८,३३५ | |
| ८ | संचालन खर्च | रु. | ० | ६,८१,५२९ | |
| ९ | व्याज खर्च | रु. | ० | ३,०८,९९७ | |
| १० | ऋण सुरक्षण व्यवस्था खर्च/कोष | रु. | ० | ८९,७५३ | वार्षिक खातावन्दी मा मात्र |
| **ख** | कूल खर्च (८+९+१०) | रु. | ० | १०,८०,२६९ | |
| **ग** | खुद नाफा (**क–ख**) | रु. | ० | ९८,०६५ | |
| **११** | संचालन आत्मनिर्भरता (OSS) | प्रतिशत | ० | १०९ | सूत्र=(२+३)/ख |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

### (५) सहकारी शिक्षा तथा अन्य तालिम

| क्र. सं | तालिमको नाम | इकाइ | गत खातावन्दी सम्मको | यस खातावन्दी सम्मको | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहकारी शिक्षा तालीम | सहभागी संख्या | ० | २५ | |
| २ | | सहभागी संख्या | | | |
| ३ | | सहभागी संख्या | | | |

### ६ वाह्य ऋण कारोवारको स्थिति

| वैंक तथा वित्तिय संस्थाको नाम | यस आ.व. मा भएको कारोवार मात्र (रु मा) | | | |
|---|---|---|---|---|
| | लिएको सांवा ऋण रकम | तिरेको सांवा ऋण रकम | तिरेको व्याज रकम | वांकी तिर्नु पर्ने सांवा रकम |
| ने.रा. बैकं | ४,७७,६०० | ४,७७,६०० | १९,१०४ | |
| नेप्स्कन | १०,००,००० | १,६६,६६६ | ५९,४०३ | ८,३३,३३४ |

### (७) विभिन्न्न समितिहरुको विवरण

| क्र.सं | समितिहरु | महिला | पुरुष | दलित | जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | संचालक समिति | ५ | ५ | १ | | | ११ |
| २ | लेखा समिति | १ | २ | | | | ३ |
| ३ | कर्मचारीहरु | १ | १ | | | | २ |

### (८) सम्वन्ध र सर्म्पक विकास:

निकाय के काम उपलव्धि



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ४ : नगरपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

# जुकेपानी खानेपानी योजनाले ल्याएको परिवर्तन

**अमर बहादुर बि.क.**

**सि.जलस्रोत प्राविधिक**

*झल्यास् निद्राखुल्यो बिस्तराबाट उठे र बाहिर हेरेको त जुन र छायाका कारण उज्यालो भएको जस्तो लाग्यो ढिला गरी हिडेमा नाउलाको पानी सकिने र पानी नपाउने भएकाले हत्तपत्त पानीभर्ने भाडा लगेर पानीभर्न गए बाटोमा कोहि पनि महिला नदेखिएकाले पानीचाहि टन्न पाइने भो भन्ने बिचारले खुशिहुदै गए पानी भरे र काममा ढिला हुन्छ भन्ने हिसावले घर फर्किहाले । घरमा आएर यसो घडि हेरेको त रातको २ बजेको रहेछ । गर्मिको सिजन भएकाले धारामा जाने बाटोको छेउछाउमा कुरीको झारमा भालु हुने भएकाले एक छिन साह्रै डर लाग्यो । यो भनाई तोली गा.वि.स. वडा नं. ६ जुकेपानी टोलका ४१ वर्षिय* ***सुपारी साउद*** *को हो । तोली गा.वि.स. वडा नं. ६ को जुकेपानीटोलमा २० घरधुरीको बसोबास रहेको छ ।*



खानेपानीको एकदमै अभाव रहेको यो टोलमा पानीको एकमात्रश्रोत गाउबाट २० मिनेट टाढा रहेको ढुगें धारा मात्र थियो । श्रावण, भाद्र र असोज महिनाबाहेक अरु ९ महिनामा पानीको एकदमै अभाव रहने उक्त स्थानमा पानीभर्नका लागी प्रत्येक दिन महिला दिदीबहिनीहरु बिच झगडा भइरहन्थ्यो । पानीको पालै पाउन मुश्कील हुन्थ्यो । सफा र स्वच्छ पानीको त कुनै हिसाव नै हुदैन्थ्यो । अन्तमा त माटो सहितको पानीजम्मा गरी घरमा थेग्रयाई खानुपर्ने बाध्यता त्यसमा पनि चाहेजति पानी पाहिदैन्थ्यो । पानीकै कारणले २ घरधुरीले त बसाइ सराइ नै गरे तर सवैको त्यस्तो व्यवस्था नभएकाले बाध्यभएर बस्नु पर्ने अवस्था थियो । यो दुखबाट पार पाउनका लागी गाउबासीहरुले गा.वि.स. देखि जिल्लाका विभिन्न कार्यालयमा निबेदन पेश गरे तर यस गाउको योजना निर्माणका लागी योजनाको पाइपलाइनको लम्बाइएकदमै लामो भएको खोलाक्रसिंड.गर्नुपर्ने भएकाले कुनैपनि निकायले यो योजना निर्माण गर्न सकेन गा.वि.स. संग आर्थिक श्रोत प्रशस्त नभएकाले र सानो टोलका लागीमात्र धेरै रकमखर्चहुने भएकाले यो योजना बन्न सकेन । यस कारण गाउबासीहरु लगायत यस बस्तीका अगुवाहरु एकदमै दुखिभए ।





यसै क्रममा वि.सं. २०६९ साल चैत्र महिनामा गा.वि.स.को जलउपयोग गुरुयोजना निर्माण गर्नका लागी जिल्ला विकास समिति/ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना बाजुरा र गाउ विकास समिति तोलीबिच सम्झौता भयो यस क्रममा म पनि गा.वि.स. स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समन्वय समितिको सदस्य थिए भनी जानकारी गराउनु भयो  यसै टोलका अगुवा भानबहादुर साउदले । यस परियोजनाले बाजुरा



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

जिल्लाका अन्य गा.वि.स.मा जलश्रोतको क्षेत्रमाकाम गरेको देखेर हामी चाही एकदमै खुशीभयौ । यो वर्ष भरीमा सम्पूर्ण गा.वि.स. भरीको गुरुयोजना निर्माणको काम सम्पन्न भयो र योजना प्राथमिकीकरण गर्दा यस टोलको योजना ५. नं. मा पर्‍यो ।





मिति २०७२ साल फागुन.महिनामा यस टोलका लागी **जुकेपानी खानेपानी तथा सरसफाई योजनाको** सर्वे भई योजनानिर्माणको कार्य सुरु भयो यस कामका लागी गाउका महिला जुटे पुरुष जुटे सवैको सकृय सहभागीतामा २०७४/१/१० मा जम्मा लागत रु १९ लाख ८४ हजार ३ सय १८ रुपैयाको लागतमा योजनाको सम्झौता गरी निर्माण कार्य सम्पन्न गरियो । पानीको मुहान टाढा भएपनि पानीको बहाव प्रशस्त भएकाले खानेपानी संगै साना सिचाईका लागी स्वायल सिमेन्ट टैकी पनि निर्माण भयो आर.भि.टी.को ओभरफ्लो पानी यसमा जम्मागर्ने र यसबाट तरकारी सिचाइका लागी प्रयोग गर्नेगरी निर्माण कार्य भयो ।

यस भन्दा पहिला हिउदे सिजनमा पिउने पानी नै नपाउने स्थानमा तरकारी खेतीको त कुनै विकल्प नै थिएन । हाल सवैको घरमा तरकारी बारी रहेको र ५ वटा घरपरिवारले बेमौसमि तरकारी खेतिगरी मनग्य आम्दानी गरिरकेका छन । परियोजनाको नियमाअनुसार चर्पि निर्माण घरबारी व्यवस्थापन, सरसफाइका कृयाकलापहरु पनि संचालन भए । हाल यो गाउ पहिलाको तुलनामा धेरै परिवर्तन भएको छ । सुधारिएको चुलो निर्माण, गोठेमलव्यवस्थापन, भाडा सुकाउने चाड., फोहर फाल्ने गाडल लगायतकाविभिन्न कृयाकलाप संचालनभइएकदमै स फा र सुन्दर गाउमा परिणत भएको छ ।









खानेपानी योजना निर्माण पश्चात व्यक्तिगत देखि पारिवारिक सरसफाई स्वच्छ पिउने पानीको व्यवस्था तरकारी खानाले सवैको पोषणमा सुधार आउनुको साथै आम्दानीको श्रोतको रुपमा यो योजना परिचित भएको छ ।





योजनालाई दिगोरुपमा संचालन गर्नका लागी हाल सम्म रु. १ लाख १० हजार रकम मर्मत संभार कोष जम्माभएको छ । नियमित रुपमा मर्मत संभार कार्यकर्ता परिचालन भएको जगेडा पाटपुर्जाहरु सुरक्षित रुपमा स्टोरमा व्यवस्थापन गरिएको नियमित पानीशुल्क संकलन लगायतका विभिन्न कामहरु भइरहेको छ ।

यहाका हामी गाउबासीहरुले पानी नै जिवन हो भन्ने मुलमत्रलाई आत्मा सात गरेका छौ र यसको दिगो संचालन र व्यवस्थापनका लागी सवै प्रतिबद्ध छौ । यस्तो पानीको एकदमै दुखभएको टोलमा खानेपानी योजना निर्माण गरी समुदायलाई परिवर्तन गर्नमा अमुल्य सहयोग गर्ने ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना लगायत यसमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने सवै सवै लाई हार्दीक धन्यबाद दिन चाहन्छौ ।

## अनुसूची ५ : भिजिबिलिटी

नगरपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका | | |
| २ | रेडियो | | |
| ३ | टेलिभिजन | | |
| ४ | सामाजिक सञ्जाल | | |
| ५ | प्रदर्शनी | | |
| ६ | श्रव्य दृष्य सामाग्रीहरु | | |
| ७ | अन्य सूचना शिक्षा सञ्चार सामाग्रीहरु | | |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस नगरपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **परियोजनाको तर्फवाट ( अन्य गा.पा. मा समेत सहयोग गर्ने गरि** | | | | |
| १. | नरबीर ऐडी | RVWRMP/TSU, बाजुरा | नि. जलश्रोत सल्लाहकार | १२ महिना |
| २. | दिभाकर दुवाल | RVWRMP/TSU, बाजुरा | जिबीकोपार्जन अधिकृत | ६ महिना |
| ३. | अमर बि.क. | RVWRMP/TSU, बाजुरा | सि. जलश्रोत प्राविधिक | १२ महिना |
| **सहयोगी ब्याक्तिवाट परिचालित कर्मचारीहरुको विवरण** | | | | |
| १ | रण बहादुर बि.क. | त्रिबेणी नगरपालीका/ग्रमीण जलस्रोत व्यवस्थापन परियोजना | फिल्ड संयोजक | १२ महिना |
| २ | जयराज जोशी | त्रिबेणी नगरपालीका/ग्रमीण जलस्रोत व्यवस्थापन परियोजना | सरसफाइ प्रबर्द्धक | १२ महिना |
| ३ | किरण रौले | त्रिबेणी नगरपालीका/ग्रमीण जलस्रोत व्यवस्थापन परियोजना | सरसफाइ प्रबर्द्धक | १२ महिना |
| ४ | रण बहादुर साउद | त्रिबेणी नगरपालीका/ग्रमीण जलस्रोत व्यवस्थापन परियोजना | सरसफाइ प्रबर्द्धक | १२ महिना |
| ५ | राम बहादुर वि.क. | त्रिबेणी नगरपालीका/ग्रमीण जलस्रोत व्यवस्थापन परियोजना | सरसफाइ प्रबर्द्धक | १२ महिना |